# सूर्योदय नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि , २०७५ (पहिलो संशोधन), २०८२

कार्यपालिकाबाट स्वीकृत मिति:२०८२।०१।२७

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि , २०७५ मा भएका केही व्यवस्थाहरुलाई संशोधन गर्न कार्यविधिको प्रस्तावना, परिभाषा र दफा (६) मा भएको व्यवस्थाका आधारमा संशोधन गर्न बाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि (पहिलो संशोधन), २०८२

१. सङ्क्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम सूर्योदय नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि ,(पहिलो संशोधन), २०८२

(२) यो कार्यविधि सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२. परिभाषाः (१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "मूल कार्यविधि" भन्नाले सूर्योदय नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि २०७५ लाई सम्झनु पर्छ ।

३. मूल कार्यविधिको प्रस्तावनामा " नेपालको संविधान " पछि "संघीय सरकारले जारी गरेको" र “वाञ्छनीय भएकोले” पछि "संघीय सरकारले जारी गरेको" भन्ने वाक्यांश थप गरिएको छ ।

४. मूल कार्यविधिको दफा २(च) मा "उप-प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर उप-प्रमुख सम्झनु पर्छ भन्ने वाक्यांश थप गरिएको छ ।

५. मूल कार्यविधिको परिच्छेद ३ को दफा ६ (१) को (ग) को " नगरपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा श्रोत व्यक्तिबाट नगर पालिकाको प्रमुखले तोकेको व्यक्ति – सदस्य “ हटाइएको, (छ) (नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सदस्य सहित तीन जना - सदस्य” , दफा ६ को (ज) “नेपाल सरकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सम्बन्धित विषय हेर्ने कार्यालयको कार्यालय प्रमुख – सदस्य” र (झ) “नगरपलिकाको उप प्रमुखले तोकेको नगरपालिकाको कर्मचारी सदस्य-सचिव” भन्ने वाक्यांश हटाइएको छ ।

६. मूल कार्यविधिको दफा ६ को (१,ख) मा “सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत – सदस्य” र दफा (६)को(१,छ)मा महिला बालबालिका तथा समाजकल्याण शाखा सदस्य - सचिव भन्ने वाक्यांश थप गरिएको छ ।

७. मूल कार्यविधिको दफा ६ (२) मा “उक्त परिचय पत्र वितरण समितिको बैठक त्रैमासिक रुपमा बस्ने छ र संयोजकको निर्देशनमा कुनै समयमा समितिको बैठक बस्नेछ भन्ने वाक्यांश थप गरिएको छ ।

८. मूल कार्यविधिको दफा ६ (३) मा “समितिका पदाधिकारीहरुले बैठक बसेका दिनको बैठक भत्ता नगरपालिकाको नियमानुसार पाउनेछ” भन्ने वाक्यांश थप गरिएको छ ।

९. मूल कार्यविधिको दफा ६ (४) मा “समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ” भन्ने वाक्यांश थप गरिएको छ ।